बैठक नं. २०७६।७७।०४
मिति: २०७६।०६।१०
समय: विहान ८ बजे

आज मिति २०७६ साल असोज १० गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका निर्णण गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | ध्रुव नारायण चौधरी | |
| २ | उपाध्यक्ष | श्री तारा देवी यादव | तारादेवी |
| ३ | सदस्य | श्री पल्टु लोध | |
| ४ | सदस्य | श्री राम नारायण थारु | |
| ५ | सदस्य | श्री मोहम्मद रफिक खाँ | |
| ६ | सदस्य | श्री धनपाल मल्लाह | |
| ७ | सदस्य | श्री रामचन्द्र यादव | |
| ८ | सदस्य | श्री राजेन्द्र यादव | |
| ९ | सदस्य | श्री रामाशंकर यादव | |
| १० | सदस्य | श्री चोक बहादर मगर | |
| ११ | सदस्य | श्री जसोदा कोहाइन | |
| १२ | सदस्य | श्री सकुन्तला बनिया अग्रहरी | |
| १३ | सदस्य | श्री सीता देवी विश्वकर्मा | |
| १४ | सदस्य | श्री विक्रम बहदुर सुनार | |
| १५ | सदस्य | श्री अशोक कुमार लोध | |
| १६ | सदस्य | श्री रीना चौधरी | |
| १७ | सचिव | श्री रविन अधिकारी | |
| १८. | आमन्त्रित | [illegible] कुमार गैरे (ले.अ.) | |

प्रस्तावहरु

१.गाउँपालिका अन्तरगतका ताल पोखरी तथा बजारको ठेक्का सम्बन्धमा

२.सिक्टीहवा ताल सम्बन्धमा

३.सार्वजनिक जग्गाको बहाल बिटौरी कर सम्बन्धमा

४.उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धि अभिमुखिकरण सम्बन्धमा

५. आन्तरिक आय ठेक्काको बैठक भत्ता सम्बन्धमा

६. कानुनी परार्मशको भुक्तानी सम्बन्धमा

७. नदी जन्य पदार्थको ठेक्का खोल्ने सम्बन्धमा

८. स्वास्थ्यको कर्मचारीको पदस्थापना सम्बम्वन्धमा

९. ज्यालादारीको कर्मचारीको सम्वन्धमा

१०. एक गाँउ एक प्राविधिकको कर्मचारी सम्बन्धमा

११. कार्यालय सहयोगीको तलबमा एकरुपता बनाउने सम्बन्धमा

१२. सिफारिस गर्ने सम्बन्धमा

१३. सहमति दिने सम्वन्धमा

१४ आर्थिक सहयोग सम्बन्धमा

१५ वडा कार्यालय मर्मत गर्ने सम्बन्धमा

१६. कार्यालय भवन निर्माण सम्वन्धमा

१७. शिक्षण सिकाई अनुदान सम्वन्धमा

१८. विधालयको लेखा परिक्षण सम्बन्धमा

१९. आय ठेक्काको सम्वन्धमा

२०. दुर्गा मन्दिर सम्वन्धमा

२१. दशैं दुर्गा पुजा सम्बन्धमा

२२. भुक्तानी सम्बन्धमा

## निर्णयहरु

### निर्णय न १

प्रस्ताव न १ माथि छलफल गर्दा तपसिल बमोजिमको पोखरी तथा हाटबजारको ठेक्का खोल्ने निर्णय गरियो ।

| सि.न | विवरण | वडा न | टोल | रकम(वार्षिक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जन जागृती आ.वि पछाडी रहेको ताल | १ | धमौली | ७५,०००। | |
| २ | सार्वजनिक पोखरी | ३ | बरेवा | १००,०००। | |
| ३ | सार्वजनिक पोखरी | ३ | कम्हरीया | ३२,०००। | |
| ४ | सार्वजनिक पोखरी | ३ | केन्हाउली | २५,०००। | |
| ५ | सार्वजनिक हाटबजार | ३ | सुकौली | २०,०००। | |
| ६ | सार्वजनिक हाटबजार | ३ | गुण्डा | व्यक्तिगत | |
| ७ | सार्वजनिक हाटबजार | ३ | पचविरवा | व्यक्तिगत | |
| ८ | सार्वजनिक हाटबजार | ४ | झुल्नीपुर | व्यक्तिगत | |
| ९ | सार्वजनिक हाटबजार | ४ | रमवापुर | व्यक्तिगत | |
| १० | सार्वजनिक हाटबजार | ४ | सेमरी | व्यक्तिगत | |
| ११ | सार्वजनिक हाटबजार | ४ | मोतिपुर | व्यक्तिगत | |
| १२ | सार्वजनिक हाटबजार | ४ | मोतिपुर | व्यक्तिगत | |
| १३ | बसौंली पोखरी | ५ | बसौंली | १००,०००। | |
| १४ | लुकठाहवा ठुलो टोल पोखरी | ५ | लुकठाहवा | लगाएको | |
| १५ | हाटबजार गौनहा | ५ | गौनहा | १५,०००। | |
| १६ | सार्वजनिक पोखरी | ६ | दुर्गौलीया | १५,०००। | |
| १७ | सार्वजनिक पोखरी | ८ | मतकोलवा | लगाएको | |

### निर्णय न २

प्रस्ताव न २ माथि छलफल गर्दा मायादेवी गाँउपालिका १ न वडा कार्यालय अन्तरगत पर्ने सिक्टीहवा तालको ठेक्का श्री रमेश कुमार मल्लाह लु.स.न.पा ९ रुपन्देहीले किस्ता बापत बुझाउनु पर्ने राजश्व रकमबो म्याद २०७५ चैत्र मसान्तसम्म मात्र रहेकोमा निजलाई पटक पटक अनुरोध र पत्रचार गर्दा पनि हालसम्म उक्त रकम दाखिला नगरेकोले किस्ता रकम रु ३३१,००० । र थप १० प्रतिशत जरिवाना रु ३३,१०० गरि जम्मा रु ३,६४,१०० । अक्षरुपी रु तीन लाख चौसठीहजार एक सय मात्र २०७६।०५।२९ गतेभित्र जम्मा गर्नु भनि राजश्व परामर्श समितिले निर्देशन दिइएको तथा सो समय सिमाभित्र नबुझाएमा ठेक्का रद्ध गर्ने निर्णय गरेको तथा मिति २०७६।०६।१० गतेको राजश्व परामर्श समितिले

कार्यपालिका समक्ष निर्णयर्थ पेश गरेकोमा सो निर्णय सदर गर्दै निजसँग ठेक्का तोड्ने तथा पहिलाको ठेक्का कबुल भएको रकमलाई न्युनतम मानि नयाँ ठेक्का खोल्ने निर्णय गरियो ।

निर्णय न ३

प्रस्ताव न ३ माथि छलफल गर्दा सार्वजनिक जग्गाको बहाल बिटौरी कर सम्बन्धी कानुनी परार्मश लिई अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय न ४

प्रस्ताव न ४ माथि छलफल गर्दा यस आर्थिक बर्षको उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धि अभिमुखिकरण कार्यक्रम असोज १५ गते राख्ने तथा सो कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष, कार्यापालिका सदस्य, वडा सदस्य, वडा सचिव लगायतको उपस्थीती गर्ने निर्णय गरियो ।

निर्णय न ५

प्रस्ताव न ५ माथि छलफल गर्दा आन्तरिक आय ठेक्काको बैठक भत्ता बस्दाको बैठक भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय न ६

प्रस्ताव न ६ माथि छलफल गर्दा यस कार्यालयको तर्फबाट मुद्धा गर्दा अथवा मुद्धाको जवाफ दिदा अधिवक्ताको आवश्यकता पर्ने हुनाले कानुन अधिवक्ता श्री मनोज कुमार चौधरीलाई मासिक १५,०००। को दरले भुक्तानी हुनी गरेर नियुक्त गर्ने, निजको अघिल्लो आर्थिक वर्षको भुक्तानी बाँकी रकम पनि भुक्तानी गर्ने, यस कार्यापालिकाको मिति २०७५।०३।२१ को निर्णय बमोजिम यस गाँउपालिकाकको तर्फबाट फिराद पत्र दायर, प्रतिउत्तर बुझाउन लिखित जवाफ बुझाउने लगायतका कार्यहरु ८ न वडा का वडा सदस्य श्री कृष्ण बहादुर कुवँरले गर्ने गरेकाल निजलाई अव उपरान्त त्यस्तो कार्य गरे वापत मासिक रु १०,०००। भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय न ७

प्रस्ताव न ७ माथि छलफल गर्दा यस आर्थिक बर्षको नदी जन्य पदार्थको विगतको वर्षमा खोलेको ठेक्का खोल्ने निर्णय गरियो तथा अन्य घाटको पहिचान गरी नियमअनुसार प्रकृया अगाडी बडाउने निर्णय गरियो ।

निर्णय न ८

प्रस्ताव न ८ माथि छलफल गर्दा समायोजन भई आएका स्वास्थ्य सेवा तर्फको कर्मचारीको पहिला आउने कर्मचारीलाई रोजेको ठाँउमा पदस्थापना गर्दै जाने तथा कोही सँगै आएर विवाद भएमा सिनिएर कर्मचारीलाई प्राथमिकता दिई ठाँउ रोज्न लगाउने निर्णय गरियो ।

**निर्णय न ९**

प्रस्ताव न ९ माथि छलफल गर्दा ज्यालादारी काम गर्दै आएका कर्मचारीलाई हालको लागि सोही अनुसार सम्झौता गरी तलब भुक्तानी गर्ने तथा सो कर्मचारहिरुलाई करारमा परिणत गर्न नियमअनुसार परिक्षा सन्चालन गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय न १०**

प्रस्ताव न १० माथि छलफल गर्दा एक गाँउ एक प्राविधिकको कर्मचारीको हकमा संघीय सरकारले यस वर्ष देखि करार अवधि समाप्त गरेको, यस गाँउपालिकामा कृषि तर्फ अस्मिता कडेल तथा पशु तर्फ सुर्य बहादुर कुमाल काम गर्दै आएको, कृषि तर्फ कमृचारी समायोजन भएर आएको भने पशु तर्फ कर्मचारी नभएकोले अस्मिता कडेलको आज सम्म हाजिर भएको हिसाबले तलब भुक्तानी गरी करार थप नगर्ने तथा सुर्य बहादुर कुमालको हकमा समोजन भई वा थप कर्मचारी नआएसम्मको लागि करार सम्झौता निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय न ११**

प्रस्ताव न ११ माथि छलफल गर्दा वडा कार्यालय तथा कार्यापालिका तर्फ करारमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको तलबमा एक रुपता ल्याउन संघिय सरकारले तोकेको बमोजिमको तलब स्केल तोक्ने, आयुर्वेद शाखाबाट नियुक्त भई हाल वडा न ७ मा कार्यरत कार्यालय सहयोगी श्री राम चन्द्र यादवलाई कार्यपालिका तर्फ करार सम्झौता गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय न १२**

प्रस्ताव न १२ माथि छलफल गर्दा यस मायादेवी गाँउपालिका वडा न ८ मा स्थीत मायादेवी पोकलाई बजेट विनियोजन गर्न ५ न प्रदेश सरकारलाई अनुरोध गर्ने, यसै गाँउपालिका वडा न ६ स्थीत खजुरीयामा खानेपानीको समस्या भएकाले सो ठाँउमा ओभरहेड टैंकी निर्माण संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न १३**

प्रस्ताव न १३ माथि छलफल गर्दा रुपन्देही जिल्ला रोहिणी गाउँपालिकामा करारमा कार्यरत इन्जिनियर श्री टिका राम चौधरी यस गाँउपालिकामा आउन चाएको, सो सम्बन्धमा रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको च.न २८४ बाट सहमति दिएको, यस गाँउपालिकाको पाँचौ गाँउसभाले इन्जिनियरको एक दरबन्धी थप गरेको, गाउँपालिकामा एक जना इन्जिनियर रहेता पनि निजले भवन नक्सा शाखामा नै व्यस्त हुनु परेकोले श्री टिका राम चौधरीलाई यस गाँउपालिकामा आउन सहमती दिने तथा निजको नियमअनुसार सेवा सुविधा पाउने गरि करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय न १४**

प्रस्ताव न १४ माथि छलफल गर्दा वडा न २ तिलौरीमा दुर्गा मन्दिर मर्मत तथा रङ्‌ रोगन गर्नु परेकाले सोको लागि रु ५०,०००। विनियोजन गर्ने, वडा न २ तिलौरी दशै चाड पर्व मनाउन रु १०,०००। भुक्तानी गर्ने, वडा न ३ बस्ने श्री दशरथ मल्लाहको बुहारी श्री सन्तोली मल्लाहको घरमा मिति २०७६।५।१४ मा आगो लागेकोले रु ५,०००। सहयोग गर्ने, इलाका प्रहरी कार्यालय बेथरीको गाडी मर्मत गर्न पेश भएको विल बमोजिम भुक्तानी गर्ने, वडा प्रहरी कार्यालय भैरहवा को ना १ भ ५६४ गाडी मर्मत गर्न रु २५,०००। भुक्तानी गर्ने, वडा न ८ बस्ने श्री श्याम कुमार विश्वकर्मालाई रु १५,०००। दिने निर्णय गरियो ।

निर्णय न १५

प्रस्ताव न १५ माथि छलफल गर्दा वडा न ५ को कार्यालय मर्मत गर्न प्राविधिकको लगत इस्टीमेट अनुसार गर्ने, वडा न ३ को कार्यालय मर्मत गर्न रु ५००,०००। तथा सो शिर्षकको भुक्तानी वडा कार्यालय निर्माण शिर्षकबाट गर्ने निर्णय गरियो ।

निर्णय न १६

प्रस्ताव न १६ माथि छलफल गर्दा ६ न वडा कार्यालयको भवन निर्माण गर्न शिवपुर टोलमा रहेको श्री सरस्वती प्रा. वीले जग्गा उपलब्ध गराएकोले सोही ठाँउमा वडा भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय न १७

प्रस्ताव न १७ माथि छलफल गर्दा शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीले आ.व २०७४।०७५ को कार्यक्रम तथा बजेटबाट सामुदायिक विधालयहरुलाई उपलब्ध गराएको शिक्षण सिकाई अनुदानमा विधालयले नियुक्त गरेका शिक्षकहरु मध्ये मा.वि तहमा उक्त अनुदान आ.व २०७५।७६ मा निरन्तरता भई ससर्त अनुदान प्राप्त भएको तर निमावि तह र प्रावि तहका लागि प्राप्त नभएकोले उक्त अनुदानमा कार्यरत निमावी तहमा १० र प्रावि तहका २ गरी १२ जना शिक्षकहरुको सेवा तथा तलब प्रभावित भई विधालयको पठनपाठन समेत प्रभावित हुने देखिएकोले तत्कालका लागि सेवा सुविधामा के कती बजेट सिमा आवश्यक पर्छ तथा दिर्घकालिन असर समेतको कुरा मुल्याङ्कन गरी शिक्षा समितिलाई प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय न १८

प्रस्ताव न १८ माथि छलफल गर्दा आ.व २०७५।७६ को विधालयहरुको (मदरसा समेत)लेखापरिक्षण गर्न इच्छुक लेखा परिक्षकको सुचिकृत गर्ने आवहन गर्ने निर्णय गरियो ।

निर्णय न १९

प्रस्ताव न १९ माथि छलफल गर्दा आन्तरिक आयको ठेक्काबाट सङ्कलन भएको चालिस प्रतिशत रकम सोही ठेक्का भएको ठाँउमा लगानि गर्ने तथा सोको भुक्तानी समपुरक कोषबाट गर्ने निर्णय गरियो ।

निर्णय न २०

प्रस्ताव न २० माथि छलफल गर्दा ८ न वडा कार्यालयमा रहेको दुर्गा मन्दिरको रकम लगत इस्टीमेटको आधारमा अर्को बैठकमा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय न २१

प्रस्ताव न २१ माथि छलफल गर्दा दशैंको दुर्गा पुजाको लागि प्रत्येक वडालाई रु २०,००० । सम्मको रकम उपलब्ध गराउने निर्णय गरियो र सोको भुक्तानी समपुरक कोषबाट गर्ने निर्णय गरियो ।

निर्णय न २२

प्रस्ताव न २२ माथि छलफल गर्दा गत आर्थिक वर्षमा भुक्तानी बाँकी रहेका ४ न वडा कार्यालयको घर भाडा, अधिवक्ता मनोज चौधरीको सेवा सुविधा बाफतको बाँकी रहेको रकम, ग्रेड छुट भएका कर्मचारीको रकम लगायतका रकम भुक्तानी गर्ने निर्णय गरियो ।